# इन्सेक बुलेटिन

वर्ष १ अङ्क ७ चैत २०७८





## मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्धनमा जोड

मानव अधिकारको संरक्षण सम्बर्द्धन र प्रवर्धनका लागि आयोग सधैं प्रतिबद्ध रहेको राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले जोड दिनु भयो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)द्वारा फागुन ७ गते आयोजित नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ को विमोचन समारोहका प्रमुख अतिथि मगरले स्थानीय तहसम्म मानव अधिकारबारे सचेतना जगाउने र मानव अधिकार रक्षकहरूको सम्मेलन गर्ने उल्लेख गर्दै कारागार र प्रहरी हिरासतमा मृत्यु भएका घटनाले राज्यलाई थप जबाफदेही बनाउन सबैको सहकार्यमा जोड दिनु भयो । उहाँले अध्ययन, अनुसन्धानको दस्तावेजका रूपमा रहेको नेपाल मानव अधिकार वर्ष पुस्तकले समेटेका विषयवस्तुलाई हेर्दा पछिल्लो १० वर्षमा महिलाहरू बढी पीडित भएको बताउनु भयो ।

अध्यक्ष मगरले द्वन्द्वकालीन घटनाका मुद्दा र त्यस पछिका मुद्दाका विषयमा सरकारलाई गरिएको सिफारिस कार्यान्वयनका लागि नागरिक संस्थाहरूसँग सहकार्य गरी दबाब सिर्जना गर्ने प्रतिवद्धता जनाउनु भयो । नेपालमा दण्डहीनताको अन्त्य र मानव अधिकारको रक्षाका लागि आयोगले निरन्तर काम गर्ने उल्लेख गर्दै इन्सेक जस्तो मानव अधिकारको क्षेत्रमा विशिष्ठ योगदान गर्दै आएको संस्थासँग सहकार्यका लागि आग्रह गर्नुभयो । उहाँले घरेलु कामलाई आर्थिक गणनामा राख्नु पर्ने उल्लेख गर्दै दाइजो प्रथाका

### यसभित्र ....


**प्रदेश १**
- संविधानको कार्यान्वयन भएमात्र मानव अधिकारको रक्षा: मुख्य न्यायाधीश/३

**मधेश प्रदेश**
- मधेश प्रदेशमा मानव अधिकार सहायता कक्ष स्थापना/४
- जनकपुरधाममा आयोजित कार्यक्रममा नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ सार्वजानिकन/५

**बागमती प्रदेश**
- महिलामाथि हुने हिंसाविरुद्ध स्थानीय सरकार र महिलाबीच सम्वाद कार्यक्रम मानव अधिकार वर्ष पुस्तक २०२२ का सन्दर्भमा सरोकारवालासँग भेटघाट/६
- न्यायपूर्ण समाज निर्माणका लागि वर्ष पुस्तक प्रभावकारी: न्यायाधीश मेरिना श्रेष्ठ/७

**गण्डकी प्रदेश**
- गण्डकी प्रदेशमा मानव अधिकार उल्लङ्घनका घटनामा ५ सय १३ जना पीडित/८

**लुम्बिनी प्रदेश**
- नेपाल मानव अधिकार वर्ष पुस्तक सबैका लागि सन्दर्भ सामग्री: मुख्य न्यायधिवक्ता/१०
- मानव अधिकार रक्षकहरूको सुरक्षा तथा सङरक्षण विषयक अन्तरक्रिया सम्पन्न/१०
- नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ सार्वजनिकीकरण/११

**कर्णाली प्रदेश**
- कर्णालीको मानव अधिकारको अवस्थाका बारेमा प्रदेश प्रमुख परियारको चासो/१२
- मानव अधिकार रक्षक सञ्जाल पुनर्गठन/१२
- आ-आफ्नो क्षेत्रबाट सजगता देखाए मानव अधिकारको संरक्षण: मुख्य न्यायाधीश/१३

**सुदूरपश्चिम प्रदेश**
- स्थानीय तहमा सेवा प्रवाहको अवस्था र जवाफदेहिताको सन्दर्भमा सार्वजनिक सुनुवाइ सम्पन्न/१४
- मानव अधिकार रक्षकहरूको सुरक्षा तथा संरक्षणसम्बन्धी अन्तरक्रिया सम्पन्न/१५




कारण महिला हिंसाका घटना हुँदै आएको र आत्महत्याका नाममा परिवारबाट हत्या भएका घटनाको प्रहरीबाट राम्रोसँग अनुसन्धान नगरिएको उजुरी आयोगमा आएको बताउनु भयो ।

इन्सेकका संस्थापक अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोगका पूर्व आयुक्त एवम् राष्ट्रपतिका पूर्व मानव अधिकार तथा राजनीतिक विज्ञ सुशील प्याकुरेलले नागरिक संस्थामाथि लाग्ने गरेका आरोपको खण्डन गर्दै इन्सेकले ३० वर्षदेखि निरन्तर नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्दै आएको बताउनु भयो । उहाँले नेपाल मानव अधिकार वर्ष पुस्तकको सपना स्व.प्रकाश काफ्लेले देख्नु भएको स्मरण गर्दै नेपालमा दुखदायी इतिहास र ज्यादतीलाई हेर्न नसकेमा न्याय दिन नसकिने बताउनु भयो । उहाँले भन्नु भयो-'हामीले लोकतान्त्रिक पद्धतीमा छौं तर १ सय १२ जना महिलालाई परिवारजनले हत्या गर्नुले हाम्रो सामाजिक अवस्था चित्रण गरेको छ ।'

समाजमा जातीय विभेद कायमै रहनुले सभ्य समाज निर्माणमा बाधा पुऱ्याएकोले त्यसको अन्त्यका लागि पीडित केन्द्रित भइ सम्मानित जीवन यापनमा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको ख्याल गरेर अघि बढ्नु पर्ने खाँचो औंल्याउनु भयो । न्यायालयमा एक दशकदेखि एउटा मुद्दा बेञ्चमा आउने तर हेर्न नमिल्नेमा राखिने गरेको अवस्थाले हाम्रो न्याय प्रणलीबारे बोल्ने उल्लेख गर्दै इतिहास पढ्नका लागि नभइ वर्तमानमा काम गरेर भविष्य सुन्दर बनाउनु पर्नेमा जोड दिनुभयो ।

इन्सेकका संस्थापक अध्यक्ष प्याकुरेलले सत्ता र राजनीतिक शक्ति भन्दा बाहिर इन्सेकले हरेक पटक नयाँ शृङ्खला र विषय वस्तु परिमार्जन गर्दै भनेकै दिनमा निरन्तररुपमा नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्दै आएको बताउनु भयो । प्रदेश १ योजना आयोगका पूर्व उपाध्यक्ष तथा इन्सेकका निवर्तमान अध्यक्ष सुबोधराज प्याकुरेलले नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको प्रारम्भिक स्रोतको अभिलेखको दस्तावेज भएको उल्लेख गर्दै धेरै गम्भीर घटनाका ज्वलन्त विषयलाई वर्ष पुस्तकमा उठान गर्दै तुलनात्मक तथ्याङ्क राखिएको बताउनु भयो ।

तथ्याङ्कका कारणहरू निवारण गर्ने दायित्व नागरिक समाज, संवैधानिक निकाय, राष्ट्रिय मानव अधिकार आयोगको रहेको उहाँको भनाइ छ । उहाँले मानव अधिकारको प्रवर्धनका लागि शिक्षाको माध्यमबाट सुशासनका काम गर्न नसकेको स्मरण गर्दै मानव अधिकारलाई मान्छेको नैसर्गिक अधिकारका रुपमा लिनु पर्नेमा जोड दिनु भयो । निवर्तमान अध्यक्ष प्याकुरेलले विश्वमा सबै प्रकारका समस्यामा विश्वव्यापी दृष्टिकोण राख्नु पर्ने खाँचो औंल्याउदै दण्डहीनताको संस्कृति मौलाएका कारण समुदाय त्रासमा रहेकोले उजुरी दिन र सङ्घर्ष गर्न नसकेको बताउनु भयो ।

इन्सेकका अध्यक्ष डाक्टर इन्दिरा श्रेष्ठले नेपालको मानव अधिकारको अवस्थाका बारेमा इन्सेकले सन् १९९२ देखि सुरु गरी ३० औं शृङ्खलाका रुपमा नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ ल्याउन सफल भएको स्मरण गर्दै सशस्त्र द्वन्द्वको समाप्ति भएको लामो समय बितिसक्दासमेत सङ्क्रमणकालीन न्यायका सवाल जस्ताका तस्तै भएको प्रति चिन्ता व्यक्त गर्नु भयो । उहाँले मानव अधिकारको सचेतना वृद्धिका लागि निरन्तर अभिलेखीकरण गर्दै आएको उल्लेख गर्दै राज्य तथा अन्य पक्षबाट हिंसाका घटनामा महिला हिंसा बढ्नु र उनीहरुको संरक्षण हुन नसकेको प्रति दुःख व्यक्त गर्नुभयो । अध्यक्ष श्रेष्ठले जातीय छुवाछुत कायमै रहेको स्मरण गर्दै असमान शक्ति सन्तुलन र महिला विरुद्धको घटना बढ्नुले राज्यको जबाफदेहिताको खाँचो औंल्याउनु भयो ।

इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले इन्सेकले गरेको अभिलेख अनुसार सन् २०२१ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ६ हजार २ सय ८५ जना पीडित भएको बताउनु भयो । सन् २०२० मा यस्ता घटनामा ५ हजार ५ सय ४३ जना पीडित भएका थिए । यस वर्ष मानव अधिकार उल्लङ्घनका घटनामा ५२ महिला र ५ सय

१० पुरुष गरी जम्मा ५ सय ६२ जना तथा ज्यादतीका घटनामा ५ हजार १ सय ६३ जना महिला र ५ सय ६० जना पुरुष गरी जम्मा ५ हजार ७ सय २३ जना पीडित भएको अभिलेख भयो ।

गत वर्षको तुलनामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा यस वर्ष ७ सय ४२ जना बढी पीडित भएको बताउनु भयो । उहाँले यस वर्ष राज्य पक्षबाट ६ जनाको हत्या भएको र यातनाका घटनामा तीन जना, गिरफ्तारीका घटनामा ३५ जना, जातीय विभेदका घटनामा २८ जना अमानवीय व्यवहारका घटनामा २४ जना पीडित भएको बताउनु भयो ।

भेला तथा सङ्गठित हुने अधिकारमा ३ सय ६३ जना र धम्कीका घटनामा ३६ जना र कुटपिटका घटनामा २ सय ६६ जना पीडित भएको अभिलेख भयो । नर्वेजियन राजदूत टोरुन ड्राम्डलले मानव अधिकारको संरक्षण र प्रवर्धनका लागि नागरिक समाज र निजी क्षेत्रसँगको सहकार्य हुनु पर्ने बताउनु भयो । उहाँले मानव अधिकार परिषदको सदस्य रहेको नेपालसँग नर्वेले सहकार्य गर्दै आएको स्मरण गर्दै हिंसांको अन्त्य र दिगो विकास लक्ष्य प्राप्तिका लागि साझा पहल हुनु पर्नेमा जोड दिनुभयो ।

मानव अधिकार उल्लङ्घन र ज्यादतीका गम्भीर घटनाका बारेमा समीक्षा गर्दै तथ्याङ्कलाई अध्ययन, विश्लेषण गर्दा महिला हिंसा बढ्नुमा रुढिवादी सोच नै कारक रहेको बताउनु भयो । उहाँले त्यस्ता विभेद र हिंसाका घटनाको न्यूनिकरण र

## प्रदेश १

# संविधानको कार्यान्वयन भएमात्र मानव अधिकारको रक्षाः मुख्य न्यायाधीश




संविधानको कार्यान्वयन भएको खण्डमा मात्र मानव अधिकारको रक्षा हुने उच्च अदालत विराटनगरमा मुख्य न्यायाधीश तिलप्रसाद श्रेष्ठले बताउनु भएको छ । इन्सेक प्रदेश १, कार्यालय विराटनगरले फागुन ७ गते विराटनगरमा आयोजना गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ सार्वजनिकीकरण तथा सन् २०२१ मा प्रदेश १ मा मानव अधिकार अवस्था विषयक कार्यक्रममा बोल्दै मुख्य न्यायाधीश श्रेष्ठले संविधानको कार्यान्वयन नै मानव अधिकार रक्षाका लागि महत्वपूर्ण कडी रहेको बताउनु भएको हो ।

मुख्य न्यायाधीश श्रेष्ठले संविधान र मानव अधिकार रक्षाका लागि नेपालले विश्वमै उत्कृष्ट प्रावधानहरूको व्यवस्था गरेपनि त्यसको कार्यान्वयन नहुँदा नेपालमा मानव अधिकारको सवाल जटिल भन्दा जटिल हुँदै गएको बताउनु भयो । उहाँले भारतको संविधानमा सबैलाई रोजगारीको अवसर भनि लेखिएको तर नेपालको संविधानमा रोजगारीको हक नै मौलिक हकका रूपमा व्यवस्था भएकाले दक्षिण एसियामा पनि नेपालको संविधान उत्कृष्ट रहेको बताउनु भयो ।

मुख्य न्यायाधीश श्रेष्ठले संविधानले व्यवस्था गरेका ३१ ओटा मौलिक हकहरूलाई कार्यान्वयन गर्न सकेको खण्डमा नेपाल मानव अधिकार रक्षाका सवालमा सबैभन्दा उत्कृष्ट हुने बताउनु भयो । नेपालमा महिलाहरूको अधिकारका

लागि महिला आयोग, मुस्लिमहरूको अधिकारका लागि मुस्लिम आयोग, थारू आयोगलगायत ११ आयोगको गठन गरिएको र ति आयोग गठन पश्चात सम्बन्धित पक्षको मानव अधिकार वा उनीहरूको हक अधिकारको अवस्थामा के परिर्तवन आयो भन्ने विषयमा सामाजिक संस्थाले खबरदारी गर्न आवश्यक रहेको न्यायाधीश श्रेष्ठले बताउनु भयो ।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ सार्वजनिकीकरण कार्यक्रमका प्रमुख अतिथि रहनु भएका न्यायाधीश श्रेष्ठले मानव अधिकार रक्षाका लागि संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयनको अवस्था, आयोग गठन भए पश्चात महिला, थारू, मुस्लिमहरूको अधिकारका सवालमा भएका पहल वा किन पहल हुन सकेन भन्ने विषयमा इन्सेकले दस्तावेजीकरण गरी राज्यलाई खबरदारी गर्न आवश्यक रहेको बताउनु भयो ।

न्यायाधीश श्रेष्ठले एउटा सामाजिक संस्थाले निरन्तर रूपमा ३० वर्षसम्म पुस्तक प्रकाशन गर्नु सामान्य कुरा नभएकाले नेपालको मानव अधिकार अभियानमा इन्सेक र नेपाल मानव अधिकार वर्ष पुस्तकको महत्व दिनप्रतिदिन बढ्दै जाने बताउनु भयो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग प्रदेश १ निर्देशक नीतु गड्तौलाले कोभिड-१९ को महामारीमा सबै क्षेत्र थलिएको अवस्थामा इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्नु महत्वपूर्ण रहेको बताउनु भयो । उहाँले नेपाल मानव अधिकार वर्ष पुस्तकमा कोभिड-१९ का कारण नागरिकका मानव अधिकारबाट वञ्चित भएको विषय समेटिएकाले पुस्तकको महत्व दीर्घकाल बढेर जाने बताउनु भयो ।

नेपाल पत्रकार महासङ्घ प्रदेश १, अध्यक्ष लीलावल्लभ घिमिरले नेपालको मानव अधिकार अवस्था नियाल्न इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक अध्ययन गरे पुग्ने बताउनु भयो। अध्यक्ष घिमिरे नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ मा सुनसरीको कोशी टापुका स्थानीयको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सवालमा अनुसन्धानमुलक आलेख लेखिएकाले त्यसबाट आएका समस्या समाधानका लागि सरोकारवालाबिच सामाजिक सम्वाद गर्न आवश्यक रहेको बताउनु भयो ।

कार्यक्रममा इन्सेक प्रदेश १, प्रमुख सोमराज थापाले नेपालको मानव अधिकार संरक्षण र रक्षाका लागि इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत् मानव अधिकारका सवाललाई पहिचान गरी राज्यलाई ति समस्या समाधानका लागि पहल गरिरहेको बताउनु भयो । प्रमुख थापाले नेपालमा व्यवस्था परिर्वतन भएपनि कार्यान्वनको अवस्था प्रतिदिन कमजोर बन्दै गएकाले पछिल्लो समयमा महिला र बालबालिका अधिकारबाट वञ्चित भएको बताउनु भयो ।

कार्यक्रममा सामाजिक अभियान्ता दिनेश श्रेष्ठले इन्सेक सन् १९९२ देखि सन् २०२२ सम्म इन्सेकले प्रकाशन गरेका नेपाल मानव अधिकार वर्ष पुस्तकको समीक्षा गर्नु भएको थियो ।

कार्यक्रममा सन् २०२१ मा प्रदेश १ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीमा घटनामा उत्कृष्ट प्रलेखीकरण गरेको आधारमा इन्सेकले झापा प्रतिनिधि नरेश खातीलाई उत्कृष्ट प्रतिनिधिका रूपमा सम्मान गरेको छ । नगद ७ हजार रुपियासहित प्रशंसापत्र उत्कृष्ट प्रतिनिधिलाई प्रदान गरिएको छ । सो अवसरमा प्रदेश १ मा सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ९ सय १९ जना पीडित भएको तथ्याङ्क सार्वजनिक गरिएको छ ।

इन्सेक अभिलेखका आधारमा सन् २०२१ मा प्रदेश १ मा अपहरणका घटनामा चार, गिरफ्तारी तीन, कुटपिट ४५, बाल अधिकार ३ सय ५, हिरासतमा मृत्यु दुई, घाइते १२, हत्या ६७, जातीय विभेद एक, धम्की चार, यातना एक, महिला ४ सय ६८ र कारागारमा मृत्यु सात गरी ९ सय १९ जना मानव अधिकारका घटनामा पीडित भएको तथ्याङ्क सार्वजनिक गरिएको छ । सन् २०२१ मा प्रदेश १ मा राज्यपक्षबाट ३० जना र अन्य पक्षबाट ८ सय ८९ जना गरी ९ सय १९ जना पीडित भएको विवरण नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ मा समेटिएको छ ।

## प्रदेश २

# मधेश प्रदेशमा मानव अधिकार सहायता कक्ष स्थापना

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेश र राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालयको आयोजनामा फागुन २९ गते जनकपुरमा मानव अधिकार सहायता कक्षको स्थापना गरिएको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरू अभिलेखिकरण गर्न र पीडितलाई आवश्यक भएको खण्डमा मानव अधिकार सहायता कक्षमार्फत आपतकालिन सहयोग गरिने जनाएको छ । मानव अधिकारका क्षेत्रमा क्रियाशिल संघ संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा सात सदस्यीय मानव अधिकार परिचालन समिती रहेन गरी मानव अधिकार सहायता कक्ष गठन गरिएको हो ।

समितीको फोकल पर्सनको रुपमा इन्सेक मधेश प्रदेश संयोजक राजु पासमान, राष्ट्रिय मानव अधिकार आयोग मधेश

प्रदेशका मानव अधिकार अधिकृत मनमाया राणा मगर, एड्भोकेसी फोरम नेपालका प्रदेश संयोजक राजकुमार महासेठ, ओरेक नेपाल धनुषा परियोजना संयोजक रोजलिन सिंह बछार, निल हिरा समाजका प्रदेश संयोजक प्रदिपकुमार यादव, थर्ड एलायन्सका प्रदेश संयोजक अर्जुन साह र आसमान नेपालका राणा समिमलाई मानव अधिकार परिचालन समितीमा सर्वसम्मत चयन गरिएकोछ ।

मानव अधिकार सहायता कक्षमार्फत समितीले मानव अधिकार उल्लङ्घनका घटनाहरूको अभिलेखिकरण गर्ने, घटना अध्ययन गर्ने, न्यायमा पहुँचका लागि सरोकारवाला निकायसँग समन्वय गर्ने, उजुरी प्रक्रियामा सहयोग गर्ने, मनोसामाजिक परामर्श सेवाको साथै आपतकालिन सहयोगको लागि समितीले सिफारिस लगायतका कार्य गर्ने इन्सेक प्रदेश संयोजक राजु पासमानले बताउनु भयो ।




समितीको सचिवालय इन्सेक मधेश प्रदेश कार्यालयमा रहने छ भने मानव अधिकार सहायता कक्ष राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालयमा रहनेछ । यस मानव अधिकार सहायता कक्षलाई संस्थागत गर्न र प्रभावकारी बनाउन मानव अधिकारको क्षेत्रमा क्रियाशिल सम्पूर्ण संघ, संस्थाहरूका प्रतिनिधिहरूको साथ र सहयोगको इन्सेक र आयोगले अपेक्षा गरेको राष्ट्रिय मानव अधिकार आयोगका कार्यालय प्रमुख वीरबहादुर बुढा मगरले बताउनु भयो ।

# जनकपुरधाममा आयोजित कार्यक्रममा नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ सार्वजानिक

मधेस प्रदेश कार्यालय जनकपुरधामको आयोजनामा फागुन ७ गते नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ सार्वजानिक गरिएको छ । काठमाडौंमा आयोजित कार्यक्रममा विमोचित नेपाल मानव अधिकार वर्ष पुस्तक जनकपुरधाममा भने उच्च अदालत जनकपुरधामका न्यायाधीश हरिप्रसाद बगालेले सार्वजनिक गर्नु भएको हो । न्यायाधीश बगालेले मानव अधिकारको क्षेत्रमा नेपाल सरकारले गर्ने काम भन्दा पनि इन्सेकले गर्दै आएको कामलाई प्रशंसनीय भएको बताउनु भयो ।

इन्सेकले मानव अधिकारको विषयलाई सम्बेदनशीलताका साथ दस्तावेजिकरण गर्दै आएकाले आगामी दिनमा समेत यसको निरन्तरताको उहाँले कामना गर्नु भयो । मधेस प्रदेशमा जातीय छुवाछुत, 'बोक्सी' आरोप, कुटपिटलगायतका घटनामा वृद्धि हुँदै गरेकाले यसतर्फ राज्यका निकायहरू गम्भीर हुन जरुरी रहेको उहाँले बताउनु भयो ।

इन्सेक मधेस प्रदेशका संयोजक राजु पासवानले मधेस प्रदेशमा ७ सय ५८ ओटा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना भएको बताउनु भयो । कार्यक्रममा प्रदेशका प्रमुख सरोकारका विषयहरू, कोभिड-१९ को सङ्क्रमण र मानव अधिकारको अवस्था, बाल अधिकार, महिला अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लगायतका विषयमा तथ्याङ्क प्रस्तुत गरिएको थियो ।

प्रस्तुत तथ्याङ्क अनुसार मधेस प्रदेशमा सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ७ हजार ५८ घटना भएकोमा अपहरणका घटनामा २४ जना, गिरफ्तारीमा तीन जना, महिला अधिकार उल्लङ्घनका घटनामा २



सय २८ जना, बाल अधिकार उल्लङ्घनका घटनामा २ सय २३ जना पीडित भए। मधेस प्रदेश सभाका सांसद मञ्जु यादवले न्यायलय स्वतन्त्र हुन नसकेको बताउनु भयो। इन्सेकले मानव अधिकारको क्षेत्रमा गरेको काम र प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक उत्कृष्ट भएको उहाँले बताउनु भयो।

सशस्त्र प्रहरीका एसएसपी विष्णुप्रसाद भट्टले इन्सेकले सार्वजानिक गरेको कितावले मानव अधिकार संरक्षण र सम्बर्द्धनमा सहयोग गर्दै आएको बताउनु भयो। नेपाल बार एशोसिएशन जनकपुरका अध्यक्ष किशोरी साहले न्यून स्रोत साधनका बावजुद पनि मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेर राज्यलाई सहयोग गरेकोले पुस्तक एकदमै महत्वपुर्ण रहेको बताउनु भयो। कार्यक्रममा २०२१ मा मानव अधिकार अभिलेख र पैरवीमा प्रदेशमा उत्कृष्ट कार्य गरेको भन्दै रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिनालाई पुरस्कृत गरिएको छ। उच्च अदालत जनकपुरधामका न्यायाधीश हरिप्रसाद बगालेले सम्मान पत्र प्रदान गर्दै दोसल्ला ओढाएर सम्मान गर्नु

## बागमती प्रदेश

# मानव अधिकार वर्ष पुस्तक २०२२ का सन्दर्भमा सरोकारवालासँग भेटघाट

मानव अधिकार वर्ष पुस्तक २०२२ सार्वजनिकपछि पुस्तक र मानव अधिकारका समसामयिक विषयहरूमा छलफलको लागि इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले बागमती प्रदेशस्तरिय सरोकारवाला व्यक्तिहरूसँग ०७८ फागुन २२ गते भेटघाट गर्नुभएको छ।

इन्सेक कार्यकारी निर्देशक गौतम र इन्सेक बागमती प्रदेश संयोजक कृष्ण गौतमले बागमती प्रदेशका सभामुख सानुकुमार श्रेष्ठ, आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णशर्मा खनाल, उच्च सरकारी वकिल कार्यालय पाटनको हेटौंडा इजलासका सह न्यायाधिवक्ता सन्देश श्रेष्ठ, सामाजिक विकास मन्त्रालयका सचिव श्रीकृष्ण नेपाल र मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डेसँग छुट्टाछुट्टै भेट गर्नुभएको हो। भेटमा कार्यकारी निर्देशक विजयराज गौतमले इन्सेकले ७७ ओटै जिल्लामा रहेका इन्सेक प्रतिनिधिबाट मानव अधिकारसँग जोडिएका घटनाहरूको सङ्कलन गरी तथ्य विश्लेषण सहित जिल्लागत र प्रादेशिक रूपमा समेष्टिकृत गरी पुस्तक प्रकाशन हुँदै आएको जानकारी गराउनुभयो।



कार्यकारी निर्देशक गौतमले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूमा राज्यका न्यायिक निकायहरूबाट हुने ढिलासुस्तीका कारण पीडितहरूले थप पीडाबोध गर्नुपरेको समस्या औंल्याउँदै सरल र छिटो न्याय प्रणालीलाई कार्यान्वयन गर्न आग्रह गर्नुभयो।

भेटको क्रममा बागमती प्रदेशका सभामुख सानुकुमार श्रेष्ठले प्रदेशसभाबाट मानव अधिकारसँग सरोकार राख्ने थुप्रै ऐन कानुनहरू निर्माण भएको बताउनुभयो। साथै इन्सेकले प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक नीति निर्माण तथा कानुन बनाउनेहरूका लागि सन्दर्भ सामाग्रीको रूपमा लिन सकिने समेत बताउनुभयो।

प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णराज शर्मा खनालले मानव अधिकारका सवालमा नीति निर्माणको चरणमा इन्सेकसँग सहकार्य गर्ने बताउनुभयो लामो समय मानव अधिकारका सवालमा इन्सेकले आवाज उठाउने तथा पैरवी गर्दै आइरहेको भन्दै मन्त्री खनालले सहकार्यको लागि आफू र मन्त्रालय सधैं तयार रहेको बताउनुभयो।

यस्तै उच्च सरकारी वकिल कार्यालय पाटनको हेटौंडा इजलासका सह न्यायाधिवक्ता सन्देश श्रेष्ठले मानव अधिकारका घटनालाई आफूले संधै प्राथमितामा राखेर काम गर्दै आएको बताउनुभयो। चितवनमा सेनाको ज्यादतीबाट एक व्यक्तिको मृत्यु भएको घटनामा जिल्ला अदालतको निर्णय उल्ट्याएर पीडकलाई थप सजाय दिलाएको उदाहरण दिंदै पीडितलाई न्याय दिलाउने काममा संधै सचेत हुने बताउनुभयो। सामाजिक विकास मन्त्रालयका सचिव श्रीकृष्ण नेपालले मन्त्रालयको कार्यक्रम तथा बजेटमा सुझाव राख्न इन्सेकलाई आग्रह गर्नुभयो। इन्सेकले प्रदेशका जिलाहरूमा शिक्षा स्वास्थ खाद्य र आवासको अधिकारमा काम गर्दै आइरहेको विषयमा बोल्दै सचिव नेपालले इन्सेकसँग

सहकार्यमा कार्यक्रम गर्न इच्छुक रहेको बताउनुभयो ।

यसैगरी प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डेले जिल्लाको शान्ती सुरक्षा र मानव अधिकारका सवालमा प्रशासन संधै चनाखो हुने गरेको बताउनुभयो । भेटमा इन्सेक बागमती प्रदेश संयोजक कृष्ण गौतमलेइन्सेकले प्रदेशमा गर्दै आएको कार्यक्रम तथा प्रदेशमा मानव अधिकारको अवस्थाबारे जानकारी गराउनुभयो । साथै सबैलाई नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ र वर्ष पुस्तकको समिष्टिकृत स्थिति सूचक पनि प्रदान गरिएको छ ।

# न्यायपूर्ण समाज निर्माणका लागि वर्ष पुस्तक प्रभावकारी: न्यायाधीश मेरिना श्रेष्ठ

उच्च अदालत पाटन हेटौँडा इजलासका न्यायाधीश मेरिना श्रेष्ठले न्यायपूर्ण र समुन्नत समाज निर्माणका लागि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रभावकारी माध्यम बनेको बताउनुभएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बागमती प्रदेश कार्यालयको आयोजनामा ०७८ फागुन ७ गते हेटौंडामा भएको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ को सार्वजनिकीकरण गर्दै न्यायाधीश श्रेष्ठले समाजमा भएका घटनाहरूको सङ्कलन र न्यायप्राप्तीका सवालहरूका विषयमा तयार पारेको नेपाल मानव अधिकार वर्ष पुस्तकले राज्यलाई न्यायपुर्ण समाज निर्माणका लागि योजना बनाउन सहयोगी बन्ने बताउनु भएको हो ।

तीन दशकदेखि निरन्तर प्रकाशन हुँदै आएको वर्ष पुस्तकले नेपाली समाजको चित्रण गराउने भन्दै न्यायाधीश श्रेष्ठले राज्यको तीन ओटै निकायले मानव अधिकारको संरक्षण र सम्बर्द्धनका सवालमा गरेका प्रतिवद्धताहरू के-कति पुरा गरे गरेनन् भन्ने वाच डग को काम गर्ने बताउनुभयो । यस्तै उहाँले इन्सेकको वर्ष पुस्तक राज्यको नीति निर्माणका लागि प्रभावकारी हुने बताउनुभयो ।

इन्सेक बागमती प्रदेश संयोजक कृष्ण गौतमले प्रदेशको मानव अधिकारको अवस्था र प्रदेशका प्रमुख सरोकारका विषयहरू, कोभिड १९ को सङ्क्रमण र मानव अधिकारको अवस्था, बाल अधिकार, महिला अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लगायतका विषयमा इन्सेकले गर्दै आएको गतिविधिका बारेमा जानकारी गराउनुभएको थियो । कार्यक्रममा




इन्सेक बागमती प्रदेशका प्रलेख अधिकृत गणेश भण्डारीले प्रदेशको बाल अधिकार, महिला अधिकार लगाएत समग्र प्रदेशको मानव अधिकार उल्लङ्घनका घटनाहरूका बारेमा तथ्याङ्क प्रस्तुत गर्नुभयो ।

इन्सेकको तथ्याङ्क अनुसार सन् २०२१ मा बागमती प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा १ हजार १ सय ८३ जना पीडित भए । यस वर्ष मानव अधिकार उल्लङ्घनका घटनामा ३४ जना महिला र २ सय ४९ पुरुष गरी जम्मा २ सय ८३ जना तथा ज्यादतीका घटनामा ८ सय ४२ जना महिला, ४८ जना पुरुषसहित जम्मा ८ सय ९० जना पीडित भएको अभिलेख भयो । यो सङ्ख्या गत वर्षभन्दा ८१ जनाले बढी हो ।

यस वर्ष राज्यपक्षबाट हिरासतमा रहेका एक जना पुरुष कारागारमा ५७ जनाको मृत्यु भयो जसमध्ये पाँच जना बन्दीको कोभिड-१९ सङ्क्रमणबाट मृत्यु भएको हो । साथै गिरफ्तारीका घटनामा १० जना, अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारमा ३४ जना महिला र १ सय ८१ जना पुरुष गरी २ सय १५ जना पीडित भए । सन् २०२० मा भने मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा १ हजार ९२ जना पीडित भएका थिए । जसमा राज्यपक्षबाट २ सय ३८ जना र अन्यपक्षबाट ८ सय ५४ जना पीडित भएका थिए ।

गैसस महासङ्घ बागमती प्रदेशका उपाध्यक्ष आरती पाठकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना बढ्नुमा राज्यको भूमिका कमजोर भएको औंल्याउनुभयो । वर्ष पुस्तकलाई केवल एक सामान्य पुस्तकको रुपमा मात्र लिन नुहने भन्दै घटना न्यूनिकरण राज्यको प्रमुख दायित्व हुने र मानव अधिकारको संरक्षणमा राज्यले भूमिका खेल्नुपर्ने बताउनुभयो ।

बागमती प्रदेश प्रहरी कार्यालयका डिएसपी खड्ग बहादुर खत्रीले प्रहरी अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहेका नागरिकको न्यूनतम मानव अधिकार रक्षाका लागि सचेत रहेको बताउनु भयो । उहाँले अनुसन्धानका क्रममा मानव अधिकारका घटना नहुन दिन अनुसन्धानमा संलग्न सुरक्षकर्मीलाई मानव अधिकारसम्बन्धी तालिम समेत दिने गरेको

बताउनु भयो ।

यस्तै शान्तिका लागि साझा अभियान कोक्यापका कोषाध्यक्ष अर्जुन ढकालले पछिल्लो समय न्यायालयप्रति बढिरहेको राजनितिकरणले जनताले ढुक्क भएर न्यायालयको विश्वास गर्न सक्ने वातावरण नभएको बताउनुभयो । उहाँले न्यायालयमा देखिरहृको यस्ता गतिविधिले मानव अधिकारको क्षेत्रमा समेत असर गर्ने भएकाले न्यायलयलाई पीडितहरूको विश्वास र भरोसाको केन्द्र बनाउने तर्फ सबै लाग्नुपर्ने बताउनुभयो ।

यस्तै इन्सेकको वर्ष पुस्तकमा सम्मिलित घटनाहरू यथार्यमा आधारित हुने भएका लागि सबै निकायले वर्ष पुस्तकप्रति विश्वास गर्ने बताउनुभयो । उहाँले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना न्युनिकरणमा सबै निकाय, क्षेत्र र संस्था मिलेर अघिबढ्नुपर्नेमा जोड दिनु भयो । जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर चुडाकुमारी खड्काले मानव अधिकारको रक्षाको जगर्ना गर्ने कार्यमा प्रहरी सँधैं लागिरहेको बताउनुभयो । उहाँले प्रहरी कानुन कार्यान्वयन गराउने निकाय भएकाले पनि कुनै पनि मानव अधिकार विरुद्धका घटनामा पीडकलाई कारबाहीको दायरामा ल्याउने र पीडितलाई न्याय दिलाउने तर्फ अग्रसर गराउँदै आएको बताउनुभयो ।

यस्तै इन्सेक हेटौंडा उपमहानगरपालिका अन्तर्गतको मानव अधिकार समुहका संयोजक चन्द्रावती पनेरुले उपमहानगरभित्र मानव अधिकारसँग सम्बन्धित सरोकारका विषयमा सधैं स्थानीय सरकार र प्रशासनलाई झकझकाउने गरेको बताउनुभयो । कार्यक्रममा अधिवक्ता तथा नेपाल मानव अधिकार संङ्गठन बागमती प्रदेश संयोजक अप्सरा बस्नेतले समाजको अवस्था कस्तो छ भन्ने चित्रण इन्सेकको वर्ष पुस्तकले दर्शाएको बताउनुभयो ।

साथै वर्ष पुस्तकले अब कसरी सभ्य समाज बनाउने भन्ने तर्फ नीति निर्माणमा लागि राज्यलाई जवाफदेही बनाउन समेत पुस्तक सहयोगी हुने उहाँले बताउनुभयो । शिक्षाका लागि राष्ट्रिय अभियानका बागमती प्रदेश संयोजक प्रकाश खतिवडाले कानुन कार्यान्वयनमा राज्यको भूमिका फितलो हुनुले पनि देशमा मानव अधिकारको घटनामा बृद्धि भइरहेको बताउनुभयो । उहाँले वर्ष पुस्तकले आगामी दिनमा बालश्रम र आत्महत्याको अवस्थाका विषयमा समेत अभिलेख तथा पैरवी गर्न आग्रह गर्नुभयो ।

यस्तै अभिवक्ताहरू मदन दाहाल र मनप्रसाद भट्टराई, यस्तै अभिकारकर्मीहरू दिपेन्द्र पाठक र जगन्नाथ सुवेदीले मानव अधिकारका क्षेत्रमा योजनाबद्ध ढङ्गले नेतृत्वदायि भूमिका खेल्न आग्रह गर्दै अधिकारका क्षेत्रमा क्रियाशिल संघसंस्थाहरूले साथ दिने समेत बताउनुभयो । साथै स्थानीय तहसम्म भएका मेलमिलाप कर्ताको क्षमता विकासमा राज्यका तीनै तहले उचित ध्यान नदिएको बताउनुभयो । जसले गर्दा मेलमिलाप कर्ताहरूको कार्यमा प्रश्न उठ्ने गरेको समस्या व्यक्त गर्नुभयो ।

यसैबीच पुस्तक सार्वजनिकीकरण कार्यक्रममा २०२१ मा मानव अधिकार अभिलेख र पैरवीका लागि बागमती प्रदेशमा उत्कृष्ट कार्य गर्ने इन्सेक सिन्धुपाल्चोक प्रतिनिधि नातिबाबु धिताललाई नगद ७ हजार सहित सम्मानपत्रबाट पुरस्कृत गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि उच्च अदालत पाटन हेटौँडा इजलासका न्यायाधीश मेरिना श्रेष्ठले इन्सेक प्रतिनिधि धितालालाई उत्कृष्ण प्रमाण पत्र सहित सम्मान गर्नु भएको थियो ।

## गण्डकी प्रदेश

# गण्डकी प्रदेशमा मानव अधिकार उल्लङ्नका घटनामा ५ सय १३ जना पीडित

सन् २०२१ मा गण्डकी प्रदेशका ११ जिल्लामा ५ सय १३ जना मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाबाट पीडित बनेका छन् । अनौपचारिक क्षेत्र सेवा (इन्सेक) गण्डकी प्रदेश कार्यालयको आयोजनामा नेपाल मानव अधिकार वर्ष पुस्तक सन् २०२२ को सार्वजनिकीकरण कार्यक्रममा इन्सेक गण्डकी प्रदेश संयोजक शिवप्रसाद खकुरेलले प्रदेशमा राज्यपक्षबाट ४९ जना र गैरराज्यपक्षबाट ४ सय ६४ जना मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाबाट पीडित बनेको जानकारी दिनुभयो । जसमा राज्य पक्षबाट १ महिला ४८ जना पुरूष र गैरराज्य पक्षबाट ४ सय ३४ महिला र ३० जना पुरूष पीडित बनेका छन् ।

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्ततको अभिलेख अनुसार मानव अधिकार उल्लङ्घनका घटनाबाट सबैभन्दा बढी पोखरा महानगरपालिकामा ९१ जना पीडित बनेका छन् । प्रदेशभर बालअधिकार उल्लङ्घनका घटनामा १ सय ५ बालिका र पाँच जना बालक, महिला अधिकार उल्लङघन घटनामा ३ सय १०, जातीय विभेदमा चार जना, हत्या २६ जना, कुटपिट सात जना, धम्की तीन जना, अमानविय व्यवहार तीन जना र गिफ्तारीका घटनामा ६ जना पीडित बनेको तथ्याङ्क इन्सेकले अभिलेख गरेको छ । अघिल्लो वर्ष सन् २०२० मा राज्य पक्ष र गैरराज्य पक्षबाट गरी ३ सय ८५ जना पीडित बनेको इन्सेकले अभिलेख




गरेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि उच्च अदालत पोखराका का.मु मुख्य न्यायाधीश डिल्लीराज आचार्यले इन्सेकले प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक नेपालको समग्र मानव अधिकारको अवस्थाको ऐना भएको बताउनुभयो । लोकतन्त्रको जनजनको जिवनमा आउन सकेन भने लोकतन्त्र निर्वाचनतन्त्रमा मात्रै सिमित हुनसक्ने उहाँको भनाई थियो ।

इन्सेकले मानव अधिकारको सवालमा खबरदारी गर्दै स्याबासी दिने विषयमा पनि काम गर्नुपर्ने धारणा राख्नु भयो । मानव अधिकारको विषय राष्ट्रिय मात्रै नभइ अर्न्तराष्ट्रिय विषय रहेको बताउँदै उहाँले इन्सेकले ती सवालहरूलाई पनि उठाउन आवश्यक रहेको बताउनु भयो ।

कोभिड-१९ को खोप लगाउने सवालमा समानता, स्वतन्त्रता र साइबर क्राइमको विषय र दिगो विकासका लक्ष्य अहिलेको मानव अधिकारको मुख्य सवाल रहको उहाँको भनाइ थियो । भ्रष्टचारलाई मानव अधिकारको नजरबाट हेरेर अध्ययन गर्नुपर्ने उहाँले बताउनुभयो । न्याय न्यायाधीशले टपक्क टिपेर दिने सुन्दर फुल मात्रै नभएको उहाँको भनाइ थियो । समयमा अनुसन्धान नहुने, समाजले अनुसन्धानलाई सहयोग गर्ने सबैको सकारात्मक र समान भूमिका रहने बताउनुभयो ।

न्यायाधीशले गरेका गलत काममा प्रमाणका आधारमा उठाउन आग्रह गर्दै गरेका भरमा मात्रै आवाज नउठाउन आग्रह गर्नुभयो । ‘न्यायाधीशलाई भेट्नै नहुने होइन तर मेरो मुद्दा जिताइदे भन्नुहुदैंन’,- उहाँले भन्नुभयो । मानव अधिकार एलायन्स केन्द्रिय अध्यक्ष तथा राष्ट्रिय योजना आयोगका पूर्व सदस्य मिन बहादुर शाहीले न्यायालयलाई पर राखेर मानव अधिकारको परिकल्पना गर्न नसकिने बताउनुभयो ।

पीडित न्याय माग्न जाने न्यायालय भित्रै न्यायको माग गर्दै आन्दोलन हुनु दुर्भाग्य रहेको बताउँदै न्यायालयलाई बलियो र स्वतन्त्र बनाउन सबैको भूमिका महत्वपूर्ण रहने उहाँको भनाइ थियो । सम्मानित सर्वोच्च अदालतले राजनीतिक क्षेत्रमा प्रवेश गरे लगत्तै मुलुकमा अस्थिरता बढ्ने गरेको उहाँले बताउनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोग अधिकृत मोहन काफ्ले द्वन्द्वकालिन घटनाका सवालमा मानव अधिकार वर्ष पुस्तक निकै प्रभावकारी बनेको बताउनुभयो । नेपाल बार एशोसिएशनका केन्द्रीय उपाध्यक्ष सुरेन्द्र थापामगरले मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको चित्रको रूपमा रहेको बताउनुभयो ।

हरेक कानुन व्यवसायीका लागि मानव अधिकार वर्ष पुस्तक निकै उपयोगी रहेको बताउँदै राज्यको तर्फबाट अभिलेख हुन नसकेको तथ्याङ्क इन्सेकले विगत तीस वर्षदेखि निरन्तर गर्दै आएकोमा धन्यवाद व्यक्त गर्नुभयो । मानव अधिकारको दृष्टिकोण राजनीतिक कोणबाट मात्रै नभई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार तर्फको बहसलाई अझ प्रभावकारी रूपमा उठानको जरूरी रहेको उहाँको भनाइ थियो ।

गैरसरकारी संस्था महासङ्घ केन्द्रिय अध्यक्ष रामप्रसाद सुवेदीले राजनीतिक अधिकार प्राप्तिसंगै अब आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सवालमा सरकारी र गैरसरकारी संस्था लाग्नुपर्ने बताउनु भयो । न्यायालयबाट सम्पादन भएका मुद्दा कार्यान्वयनको पक्ष फितालो रहेको भन्दै राज्य गम्भीर बन्नुपर्ने उहाँको भनाइ थियो । उहाँले नागरिक संस्थाहरू राज्यलाई जिम्मेवार बनाउन लाग्नुपर्नेमा जोड दिनुभयो ।

जिल्ला प्रहरी कार्यालय कास्कीका इन्स्पेक्टर दिपक केसीले संविधानले दिएको अधिकारलाई पालना गर्दै आफ्नो कर्तव्य निर्वाह गर्दै आइरहेको बताउनुभयो । उहाँले सुरक्षा गृहको अभावका कारण हिंसामा परेका महिलालाई सुरक्षा दिने सवालमा कठिनाइ हुने गरेको बताउनुभयो ।

मानव अधिकार रक्षक सञ्जाल गण्डकी अध्यक्ष इन्दिरा पौडेलले मानव अधिकारको प्रर्वद्धन र संरक्षणका इन्सेकको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । सरकार र गैरसरकारी संस्थाहरूबिचको समन्वयलाई अझ प्रभावकारी बनाउन सकेका मानव अधिकार उल्लङ्घनका घटनामा कमी आउने विश्वास व्यक्त गर्नुभयो ।

महिला मानव अधिकार रक्षक सञ्जाल कास्की अध्यक्ष इन्द्र कुमारी शर्माले सबैले आफ्नो अधिकार र कर्तव्यलाई मनन गर्न सक्ने हो भने मानव अधिकारका घटना कमी आउने बताउनुभयो । कार्यक्रममा गण्डकी प्रदेशमा उत्कृष्ट जिल्ला प्रतिनिधिको रूपमा तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराईलाई नगद, प्रमाणपत्र र खादासहित सम्मान गरिएको थियो ।

# नेपाल मानव अधिकार वर्ष पुस्तक सबैका लागि सन्दर्भ सामग्री: मुख्य न्यायधिवक्ता

नेपाल मानव अधिकार वर्ष पुस्तक सबैका लागि सन्दर्भ सामग्री भएको लुम्बिनी प्रदेशका मुख्य न्यायधिवक्ता श्रीकृष्ण सुवेदीले बताउनु भएको छ। इन्सेक लुम्बिनी प्रदेश कार्यालय नेपालगञ्जको आयोजनामा फागुन २१ गते बुटवलमा आयोजित लुम्बिनी प्रदेशको मानव अधिकार अवस्था विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उक्त कुरा बताउनु भएको हो ।

सुवेदीले इन्सेकले ३० औं वर्षदेखि निरन्तररुपमा प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक महत्वपुर्ण दस्तावेज भएको दाबी गर्नु भयो । नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ को तथ्यांकले लुम्बिनी प्रदेशमा सबै भन्दा बढी महिला हिंसाका घटना भएको देखाएको बताउदै हिंसा न्यूनिकरणका लागि प्रदेश सरकारले पहल गर्ने बताउनु भयो । इन्सेक लुम्बिनी प्रदेश संयोजक भोला महतले मानव अधिकार उल्लंघनका घटना अन्य प्रदेशको भन्दा बढी रहेको बताउदै लुम्बिनी प्रदेशका अधिकाश कारागारको अवस्था दयनिय रहेको बताउनु भयो ।

संयोजक महतले लुम्बिनी प्रदेशमा सन् २०२१ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा १ हजार ७ सय ८६ जना पीडित भएको बताउदै तथ्यांक प्रस्तुत गर्नु भयो । प्रस्तुत तथ्यांक अनुसार गिरफ्तारी घटनामा तीन जना, महिला अधिकार उल्लंघनका घटनामा १ हजार २ सय ८४ जना, बाल अधिकार उल्लंघनका घटनामा २ सय ९५ जना पीडित भए । यसैगरी, राज्य पक्षबाट ५ जना र अन्यपक्षबाट ४० जना गरी ४५ जनाको हत्या भयो ।

कार्यक्रममा मानव अधिकार शान्ती समाजका केन्द्रीय सभापति गोबिन्द खनालले मानव अधिकारको क्षेत्रमा सरकारले चासो नदिएको बताउनु भयो । राज्य गम्भीर नभएका कारण बलत्कार र यौन जन्य हिंसाका घटना बढेको खनालले आरोप लगाउनु भयो। कर्यक्रममा विभिन्न संघ सं स्थाका प्रतिनिधि, पत्रकार, मानव अधिकारकर्मीलगायतको सहभागिता रहेको थियो । कार्यक्रम प्रदेश संयोजक भोला महतको अध्यक्षता तथा इन्सेक जिल्ला सहजकर्ता बिष्णु घिमिरेको सञ्चालनमा सम्पन्न भएको थियो ।

# मानव अधिकार रक्षकहरूको सुरक्षा तथा सङरक्षण विषयक अन्तरक्रिया सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को अयोजनामा मानव अधिकार रक्षकहरूको सुरक्षा तथा सङ्रक्षण विषयक अन्तरक्रिया फागुन १२ गते नेपालगञ्जमा सम्पन्न भएको छ । कार्यक्रममा उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासका वरिष्ठतम् न्यायाधीश डा. रत्नबहादुर बागचन्दले इन्सेकले तयार पारेको मानव अधिकार रक्षकसम्बन्धी विधेयक प्रस्तुत गर्नु भएको थियो । डा. बागचन्दले विधेयकको प्रस्तावनासमा समेत सुझाव दिनु भएको थियो। डा. बागचन्दल विधेयकलाई संघीय कानुनमा समेट्न सके प्रभावकारी हुने बताउनु भयो। मानव अधिकार रक्षकहरूको नियमन पनि मानव अधिकार रक्षक परिषद्




बबाटै हुने व्यवस्था मिलाउनु पर्ने बताउनु भयो । इन्सेक लुम्बिनी प्रदेश संयोजक भोला महतले कार्यक्रमको उद्देश्य माथि प्रकास पार्दै विधेयकमा प्रदेशका सांसद र कानुन सचिवहरूसँग समेत सुझाव लिने कार्य सम्पन्न भएको बताउनु भयो । संयोजक महतले यस कार्यक्रममा प्राप्त सुझावहरूलाई समेत विधेयकमा राखिने बताउनु भयो ।

नेपाल बारका उपाध्यक्ष सुनिलकुमार श्रेष्ठले मानव अधिकार परिषद् बनाउन सबै जिल्लाको प्रतिनिधित्व भनिए पनि नौ जना मात्र समिति भनिएकोले यसलाई सच्याएर १२ जना बनाउनु पर्ने बताउनु भयो । यसैगरी, कार्यक्रममा बोल्ने वक्ताहरूले मानव अधिकार रक्षकहरूको अवस्था अध्ययन गरी प्रतिवेदन बनाउनु पर्ने, परिषद्मा नियुक्त गर्दा गैर राजनीतिक क्षेत्रका व्यक्तिहरू छनौट गर्नुपर्ने लगायतका सुझावहरू दिनु भएको थियो ।

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ सार्वजनिकीकरण




इन्सेक लुम्बिनी प्रदेश कार्यालय नेपालगञ्जको आयोजनामा फागुन ७ गते नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ सार्वजनिकीकरण सम्पन्न भएको छ । नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ को सार्वजनिकीकरण उच्च अदालत तुलसिपुर नेपालगञ्ज इजलासका वरिष्ठतम् न्यायाधीश डा. रत्नबहादुर बागचन्दले गर्नु भएको हो । न्यायाधीश डा.बागचन्दले मानव अधिकारको विषयलाई सम्बेदनशीलताका साथ बुझ्केको बताउँदै अहिलेको समयमा पनि नागरिकको आर्थिक अवस्था कमजोर रहेको, वैज्ञानिक तथा गुणस्तरीय शिक्षा नभएको र राज्यले नागरिकलाई कर्तव्यको बारेमा बुझ्काउन नसकेकाले मानव अधिकार उल्लङ्घनको घटनामा कमि नआएको बताउनु भयो ।

न्यायाधीश डा.बागचन्दले अझै पनि समाजमा महिला पुरूष समानरुपमा नलिएका कारण महिलाहरु पीडित भएको बताउनु भयो । उहाँले राज्यले बनाएको कानुनको कार्यान्वयन गर्न सबै नागरिकहरूले जोड दिनुपर्ने बताउनु भयो । इन्सेक लुम्बिनी प्रदेश संयोजक भोला महतले प्रदेशको मानव अधिकारको अवस्था र प्रदेशका प्रमुख सरोकारका विषयहरू, कोभिड १९ को सङ्क्रमण र मानव अधिकारको अवस्था, बाल अधिकार, महिला अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लगायतका विषयमा तथ्याङ्क प्रस्तुत गर्नु भएको थियो ।

प्रस्तुत तथ्याङ्क अनुसार लुम्बिनी प्रदेशमा सन् २०२१ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा १ हजार ७ सय ८६ जना पीडित भए । गिरफ्तारी घटनामा तीन जना, महिला अधिकार उल्लंघनका घटनामा १ हजार २ सय ८४ जना, बाल अधिकार उल्लंघनका घटनामा २ सय ९५ जना पीडित भए । यसैगरी, राज्य पक्षबाट ५ जना र अन्यपक्षबाट ४० जना गरी ४५ जनाको हत्या भयो । राष्ट्रिय मानव अधिकार आयोग नेपालगञ्जका प्रमुख झङकरबहादुर रावलले मानव अधिकार वर्ष पुस्तकले घटनाहरूलाई उजागर गरेर पीडितको न्यायीक प्रकृयामा अगाडि मद्दत पुगेको बताउनु भयो । रावलले इन्सेकका जिल्ला प्रतिनिधिले न्यून स्रोत साधनका बावजुद पनि मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेर राज्यलाई सहयोग गरेकोले पुस्तक एकदमै महत्वपुर्ण रहेको बताउनु भयो ।

जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी सुर्यबहादुर खत्रीले राज्यले परिचालन गरेका सबै कर्मचारीहरूले मानव अधिकारको सङ्क्षण गर्न काम गरेको बताउनु भयो । उहाँले राज्यले रोजगारीको अवसर ल्याएपनि कानुनको कार्यान्वयन नभएको कारण रोजगारीको अवस्था कमजोर बनेको बताउनु भयो । नेपाल बारका उपाध्यक्ष सुनिलकुमार श्रेष्ठले इन्सेकले मानव अधिकार वर्ष पुस्तकलाई हालसम्म पनि निरन्तरता दिइरहेकोमा खुसी व्यक्त गर्दै महिला हिंसा किन न्यूनिकरण किन भएन भन्ने विषयलाई समेट्नु पर्ने बताउनु भयो ।

जिल्ला प्रहरी कार्यालय बाँकेका एसपी श्यामकृष्ण अधिकारीले मानव अधिकार वर्ष पुस्तकले समग्र मानव अधिकारको विषयलाई स्पष्ट पारेको बताउँदै मानव अधिकार सङरक्षणमा कमी आए सल्लाह सुझाव दिन आग्रह गर्नु भयो । यसैगरी, सार्वजनिकीकरण कार्यक्रममा २०२१ मा मानव अधिकार अभिलेख र पैरवीमा प्रदेशमा उत्कृष्ट कार्य गर्ने जिल्ला प्रतिनिधिलाई उत्कृष्ट जिल्ला प्रतिनिधिकोरुपमा इन्सेक कपिलवस्तु प्रतिनिधि पार्वती आचार्यलाई पुरस्कृत गरिएको छ । वरिष्ठतम् न्यायाधीश डा. रत्नबहादुर बागचन्दले ट्रफी, सम्मान पत्र प्रदान गर्दै दोसल्ला ओढाएर सम्मान गर्नु भयो पुरस्कारको राशी ७ हजार रुपियाँ रहेको छ ।

# कर्णालीको मानव अधिकारको अवस्थाका बारेमा प्रदेश प्रमुख परियारको चासो



कर्णाली प्रदेश प्रमुख तिलक परियारले कर्णाली प्रदेशको मानव अधिकारको अवस्थाका विषयमा चासो राख्नुभएको छ । इन्सेक कर्णाली प्रदेशका संयोजक नारायण सुवेदीलगायतको टोलीसँग फागुन २६ गते कुराकानी गर्दै प्रदेश प्रमुख परियारले मानव अधिकार अवस्थाको विषयमा चासो राख्नुभएको हो । प्रदेश प्रमुख परियारले कर्णाली प्रदेशमा मानव अधिकारसँग सम्बन्धित के कस्ता घटनाइहरू भइरहेका छन् र घटनाले नागरिकमा कस्तो प्रभाव पारेको छ भन्ने बारेमा जिज्ञासा राख्नु भएको थियो ।

मानव अधिकार रक्षकसँग सम्बन्धित कानुनको मस्यौदा आफूलाई उपलब्ध गराए अध्ययन गरेर आवश्यक सल्लाह, सुझावसहित संशोधनका लागि सहयोग गर्ने बताउनु भयो । इन्सेकले मानव अधिकारको संरक्षण र प्रवर्धनमा महत्वपूर्ण भूमिका खेलेको भन्दै यसको रक्षाका लागि सरोकारवाला निकायहरूबिच समन्वय गर्नुपर्ने उहाँको भनाइ थियो । इन्सेक संयोजक सुवेदीले कर्णाली प्रदेशमा घरेलु हिंसा, बालविवाह लगायतका घटनाहरू बढ्दो अवस्थामा रहेको बताउनु भयो ।

# मानव अधिकार रक्षक सञ्जाल पुनर्गठन

जुम्ला प्रतिनिधि मानदत्त रावलका अनुसार अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेश कार्यालयको आयोजनामा जिल्ला स्तरीय मानव अधिकार रक्षक सञ्जाल ०७८ फागुन १६ गते पुनर्गठन गरिएको छ । मानव अधिकारका क्षेत्रमा वकालत तथा पैरवी गर्दै पीडितलाई न्याय दिलाई पिडकलाई कार्वाहीको दायरासम्म पुर्‍याउने उदेश्यका साथ ०७७ चैत १३ गते गठित सञ्जाल पुनः नागरिक समाजका अगुवा राजबहादुर महतको संयोजकत्वमा गठन गरिएको हो ।

सञ्जालको सदस्यमा अल्पकालिन महिला सेवा केन्द्रकी अध्यक्ष भगवती श्रेष्ठ, पत्रकार महासंघ शाखा जुम्लाका अध्यक्ष नेत्र शाही, जिल्ला बारको सदस्य देवेन्द्र शर्मा, उच्च बारकी सदस्य अनिता तिमिल्सेना, दलित सेवा संघ जुम्लाका सचिव रामबहादुर नेपाली रहेका छन् । यस्तै जनजाती महासङ्घ जुम्लाका अध्यक्ष कार्मा ठिल्ले लामा, अपाङ्ग पुनर्स्थापना विकास केन्द्रका अध्यक्ष नन्दराज धिताल, महिला पत्रकार दिलमाया शाही, दलित पत्रकार सागर परिवार, महिला मानव अधिकारकर्मी टीका नगरकोटी र सदस्य सचिवमा इन्सेक जिल्ला प्रतिनिधि मानदत्त रावल रहनु भएको छ । सञ्जालले फागुन १६ गते बैठक बसेर मानव अधिकारका विभिन्न विषयमा जिल्ला स्तरमा वकालत, ध्यानाकर्षण तथा पैरवीका कामहरू गर्ने निर्णय गरेको छ । सल्यान प्रतिनिधि मिना बुढाथोकीका अनुसार अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)कर्णाली प्रदेश कार्यालयको आयोजनामा सल्यानमा जिल्ला स्तरीय मानव अधिकार रक्षक सञ्जाल पुनर्गठन भएको छ ।

०७७ फागुन २६ गते गठन गरिएको जिल्ला स्तरीय मानव अधिकार रक्षक सञ्जाल ०७८ फागुन १७ गते पुनर्गठन गरिएको हो । आर्थिक, सामाजिक र जातीय तथा लैङ्गिक रूपले पछाडि पारिएका समुदायको अधिकारका क्षेत्रमा वकालत तथा पैरवी गर्दै पीडितलाई न्याय दिलाई पिडकलाई कार्वाहीको दायरासम्म पुर्‍याउने उदेश्यका साथ गठित सञ्जालको एक वर्षपछि बुद्धिमान पुनको संयोजकत्वमा १५ सदस्यीय सञ्जाल पुनर्गठन गरिएको हो । सञ्जालको फागुन १७ गतेको बैठकले अन्तराष्ट्रिय श्रमिक महिला दिवस सन्दर्भमा जिल्लास्थित सरोकारवालासँग समन्वय तथा सहकार्य गरी दिवस मनाउने निर्णय गरेको छ ।

# आ-आफ्नो क्षेत्रबाट सजगता देखाए मानव अधिकारको संरक्षण: मुख्य न्यायाधीश

उच्च अदालत सुर्खेतका कामु मुख्य न्यायाधीश शेषराज शिवाकोटीले सम्पूर्ण सरोकारवाला निकायले आ-आफ्नो क्षेत्रबाट सजगता देखाए मानव अधिकारको रक्षा हुने र मानव अधिकार उल्लङ्घनका घटनमा कमी आउने बताउनुभयो । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेश कार्यालयको आयोजनामा 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२' सार्वजनिकीकरण गर्दै फागुन ७ गते उहाँले इन्सेकले प्रत्येक वर्ष प्रकाशनमा ल्याउने पुस्तक बहुउपयोगि हुनेसमेत बताउनु भयो ।

सार्वजनिक गरिएको छ । वर्ष पुस्तक कार्यक्रमका प्रमुख अथितिसमेत रहनुभएका उच्च अदालत सुर्खेतका कामु मुख्यन्यायधिश शेषराज शिवाकोटीले मानवअधिकार उल्लंघन र ज्यादतीका घटनाको अभिलेखित वर्ष पुस्तक सार्वजनिक गर्नुभएको हो । मुख्यन्यायधिश शिवाकोटीले भन्नुभयो,-'विभिन्न समयमा निर्माण भएका मानव अधिकार सम्बन्धि कानुन, ऐन, नियमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा मानव अधिकार उल्लङ्घनका घटनामा कमी आउन सकेको छैन ।'

समग्र घटनाको अध्ययन, अनुसन्धान र तुलना गर्नका लागि यो पुस्तक आधार बन्न सक्ने भन्दै भविष्यका लागि अभिलेखित हुनेमा जोड दिनुभयो । त्यस्तै, द्वन्द्वका समयमा केहि मानव अधिकारकर्मीहरूको दोहोरो भूमीका देखिएको तर इन्सेकले भने निष्पक्ष रूपमा काम गरेको उहाँको भनाइ थियो । त्यसैगरी, कार्यक्रममा सहभागि प्रमुख जिल्ला अधिकारी खगेन्द्र प्रसाद रिजालले मानव अधिकारको क्षेत्रमा काम गर्ने सरकारी संयन्त्रलाई मजबुद बनाउनुपर्ने बताउनु भयो । राज्यको तर्फबाट सचेतना, स्रोत साधनको बढोत्तरीमा जोड दिनु आवश्यक रहेको उहाँले औल्याउनुभयो ।




**२०२१ मा मानव अधिकार उल्लङ्घनका तीन सय ९६ घटना**

सन् २०२१ मा कर्णाली प्रदेशमा मानव अधिकार र ज्यादतीका तीन सय ९६ घटनामा ४ सय ३० जना पीडित भएका छन् । जसमा चार महिला र ३० पुरूष गरी ३४ जना रहेका छन् । बाँकी ३ सय २० महिला र ७६ पुरूष गरी ३ सय ९६ जना ज्यादतीका घटनाबाट पीडित भएको इन्सेक कर्णाली प्रदेश कार्यालय संयोजक नारायण सुवेदीले जानकारी दिनुभयो । जसमा कर्णाली प्रदेशमा २३ जना मानव अधिकार रक्षक पीडित भएका छन् । १३ जना स्वास्थ्यकर्मी, तीनजना पत्रकार र दुईजना सामाजिक कार्यकर्ता तथा चारजना शिक्षक रहेका छन् ।

यस्तै सन् २०२१ मा कारागारमा दुईजनाको मृत्यु भएको, राज्य पक्षबाट एकजना पुरूष र अन्य पक्षबाट २० जना महिला तथा १४ जना पुरूष गरी ३४ जनाको हत्या भएको अभिलेख राखिएको संयोजक सुवेदीले जानकारी दिनुभयो । सन् २०२१ मा बाल अधिकारका घटनामा ८३ जना बालिका र एकजना बालक गरि ८४ जना पीडित रहेका छन् । यसवर्ष भएका बाल विवाहबाट आठ, बेचविखनबाट दुई, विद्यालयमा शारीरिक दण्ड सजायबाट एक, बलात्कार घटनामा ५३ र यौन दुर्व्यवहारका घटनामा २० जना पीडित भएको इन्सेकले तथ्याङ्क सार्वजनिक गरेको छ । सन् २०२० मा बाल अधिकारका घटनामा ८७ जना बालिका र ६ जना बालक गरी ९३ जना पिडित भएका थिए । सन् २०२१ मा विगतका वर्षहरुभैं महिलामाथि हुने हिंसाका घटनामा प्रवृत्तिगत कमी नआएको इन्सेकको निष्कर्ष छ ।

**दुईसय पाँच महिला पीडित**

यस वर्ष प्रदेशभर महिला माथि भएका हिंसाका घटनामा दुई सय ५ जना पीडित भएको अभिलेख इन्सेकले राखेको छ । घरेलु हिंसाका घटना एक सय २१, बोक्सीको आरोप सात र बहुविवाहबाट ३३, बलात्कारका घटना २७, बलात्कार प्रयासका घटना ६, यौन दुर्व्यवहार घटनामा नौ, बेचविखनका घटनामा एक र प्रसुति सेवा नपाउँदा एकजना महिला पीडित भएको अभिलेख गरिएको छ । यो वर्ष कर्णाली प्रदेशभर परिवारबाट नौजना महिलाको हत्या भएको छ । सन् २०२१ मा बलात्कारका घटनामा ८० जना, बलात्कार प्रयासका घटनामा ६, यौन दुर्व्यवहारका घटनामा २९ जना गरि एक सय १५ जना महिला तथा बालिका पीडित भएको अभिलेखमा उल्लेख छ ।

**जिल्ला प्रतिनिधि सम्मानित**

'नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२' सार्वजनिकीकरण तथा सन् २०२१ को मानव अधिकार अवस्था विषयक अन्तरक्रिया कार्यक्रमका अवसरमा इन्सेक दैलेखका जिल्ला प्रतिनिधि अमर सुनारलाई सम्मान गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि कामु मुख्य न्यायाधीश शिवाकोटीले नगद र प्रशंसा पत्र प्रदान गर्नुभएको थियो । सुनारलाई प्रदेशबाट उत्कृष्ट जिल्ला प्रतिनिधिको रूपमा सात हजार रूपियाँसहित सम्मान गरिएको हो ।

कार्यक्रम समापन गर्दै इन्सेक कर्णाली प्रदेशका संयोजक सुवेदीले कर्णाली प्रदेशमा आर्थिक, सामाजिक, सांस्कृतिक अवस्था दयनिय भएको कारण मानव अधिकार हनन् र उल्लङ्घनका घटना बढि हुने गरेको बताउनुभयो । कार्यक्रममा सरकारी तथा गैरसरकारी कार्यालयका प्रतिनिधि, पत्रकार लगायतको सहभागिता रहेको थियो ।

# सुदूरपश्चिम प्रदेश

## स्थानीय तहमा सेवा प्रवाहको अवस्था र जवाफदेहिताको सन्दर्भमा सार्वजनिक सुनुवाइ सम्पन्न



इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीको आयोजना र नगरस्तरीय मानव अधिकार समुहको समन्वयमा स्थानीय तहमा सेवा प्रवाहको अवस्था र जवाफदेहिताको सन्दर्भमा सार्वजनिक सुनुवाइ कार्यक्रम फागुन २९ गते गौरीगंगा नगरपालिकामा सम्पन्न भएको छ। गौरीगंगा नगरपालिकाका शिक्षा शाखा प्रमुख हरीश पन्तले नगरपालिकाका सबै विद्यालयमा नि:शुल्क र गुणस्तरीय शिक्षाका लागि शिक्षक दरबन्दी रिक्त रहेको ठाउँमा नगर शिक्षकको व्यवस्था गरिएकाले आगामि दिनमा शिक्षामा सुधार आउने बताउनु भयो ।

गौरीगंगा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख इश्वरीप्रसाद भुसालले नगरपालिकामा रहेका सबै वडाका नागरिकलाई स्वास्थ्यको पुहँचमा ल्याउने उद्देश्यले पालिकाको ११ ओटै वडामा आधारभूत स्वास्थ्य इकाईको स्थापना गरी जनशक्ति सहितको नि:शुल्क सेवा प्रवाह सुरु गरेको बताउनु भयो । गौरीगंगा नगरपालिकाका-१ का वडाध्यक्ष जगतराम चौधरीले पालिकामा रहेका किसानहरुलाई व्यवसायीमूखी बनाउने उद्देश्यले पकेट एरिया छनौट गरी च्याउ, तरकारी तथा पशुपालनका लागि अनुदान प्रदान गरी किसानलाई प्रोत्साहन गर्ने कार्यक्रम रहेको बताउनु भयो ।

गौरीगंगा नगरपालिकाका-१ का स्थानीय बिरेन्द्र भुलले सरकारले नि:शुल्क शिक्षा प्रदान गर्ने भनेता पनि बिभिन्न बहानामा विद्यार्थीबाट शुल्क असुली गर्ने गरेको बताउनु भयो। उहाँले भन्नु भयो- 'बाल बिकासका विद्यार्थीहरुका लागि आएको दिवा खाजामा मापदण्ड बिपरीत खाजा खुवाउने कार्य भएको छ । यसले विद्यार्थीको स्वास्थ्यमा खेलवाड भइरहेको छ। तर, पालिकाबाट कुनै अनुगमन भएको देखिदैन।' मानव अधिकार समुहकी सदस्य सुमन शिलाधरले अनलाइन कक्षाको बहानामा वैकल्पिक शिक्षणको प्रमुख माध्यम मोबाइलको कारण विद्यार्थीहरु किताब भन्दा बढी मोबाइलमा व्यस्त रहने हुनाले शिक्षाको गुणस्तर खस्किने चिन्ता रहेको बताउनु भयो ।

# मानव अधिकार रक्षकहरुको सुरक्षा तथा संरक्षणसम्बन्धी अन्तरक्रिया सम्पन्न




इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीको आयोजना मानव अधिकार रक्षकहरुको सुरक्षा र संरक्षणसम्बन्धी अन्तरक्रिया कार्यक्रम फागनु १२ गते धनगढीमा सम्पन्न भएको छ । इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीका संयोजक खडकराज जोशीले सुदूरपश्चिम प्रदेशमा मानव अधिकार रक्षकहरु कार्य सम्पादन गर्न भोग्नु परेको समस्या र चुनौतीहरुका सन्दर्भमा प्रस्तुती गर्नु भएको थियो । सुदूरपश्चिम प्रदेश सरकारका मुख्य न्यायधिवक्ता कुलानन्द उपाध्ययले मानव अधिकार रक्षकहरुको अधिकारको सुरक्षा र संरक्षण गर्न सुदूरपश्चिम प्रदेश सरकारले तयार गरेको मानव अधिकार रक्षकसम्बन्धी ऐनको ड्राफमा भएका मानव अधिकार रक्षकका काम, कर्तव्य र अधिकारका बारेमा प्रस्तुत गर्नु भएको थियो । उहाँले राज्यका महत्पूर्ण तीन ओटा दायित्व नागरिकको मानव अधिकारको संरक्षण, सम्बन्धन र परिपुर्ति गर्ने भएकोले मानव अधिकार रक्षकहरुको अधिकारको पनि सुनिश्चितता गर्ने कार्य राज्यको नै भएको बताउनु भयो ।

गोदावरी नगरपालिकाका उपप्रमुख रत्ना कठायतले मानव अधिकार रक्षक ऐनमा आएका सुझावहरुलाई समावेश गरी पारित गरिनु पर्ने र मानव अधिकार रक्षकहरुको अधिकारको संरक्षण गर्ने विषयमा स्थानीय सरकार प्रतिवद्ध समेत रहेको बताउनु भयो । पुर्नवास नगरपालिकाका उपप्रमुख शारदा शर्मा विष्टले मानव अधिकार रक्षक ऐन आउन लागेको जानकारी पाउँदा खुसी लागेको र ऐन पास भएर आएको अवस्थामा यसमा भएका व्यवस्थाहरुलाई स्थानीय तहमा कार्यान्वयन गराउन प्रतिवद्ध रहेको बताउनु भयो ।

गौरीगंगा नगरपालिकाका उप्रप्रमुख अञ्चाला चौधरीले कानुनी जटिलताका कारण स्थानीय न्यायीक समितिले कार्यसम्पादन गर्न समस्या भएको बताउँदै पीडित पक्षलाई न्याय दिलाउनका लागि मानव अधिकार रक्षक, मेलमिलाप कर्ता र स्थानीय न्यायीक समितिबिच समन्वय गरेर जानु पर्ने बताउनु भयो । कैलाली जिल्ला बारका अध्यक्ष सिद्धराज ओझाले मानव अधिकार रक्षकहरुको अधिकारको संरक्षणका लागि प्रदेश सरकारले ड्रफा गरेको ऐनमा थप सुधार गरेर प्रदेश सभाबाट पारित गरिनु पर्ने र यसको प्रभावकारी कार्यान्वय हुन सकेको अवस्था मानव अधिकारको क्षेत्रमा क्रियाशिल व्यक्तिहरुलाई सहज हुने बताउनु भयो ।

जिल्ला प्रहरी कार्यालय, कैलालीका असई भूपेन्द्रसिंह सामन्तले मानव अधिकार रक्षक सुरक्षा तथा संरक्षण ऐनमा दण्डसजायको व्यवस्था गरिएको भएपनि क्षतिपुर्तिसम्बन्धी व्यवस्था नभएकोले ऐनमा न्यूनतमदेखि अधिकतिम क्षतिपुर्तिको व्यवस्था गरिनु पर्ने बताउनु भयो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, कैलालीका इन्स्पेक्टर सरस्वती अधिकारीले प्रहरीले आफ्नो दायित्व पुरा गरिरहेको भएपनि कहिले काही आउने राजनीतिक दबावका कारण पीडित पक्षलाई न्याय सम्पादनमा समस्या हुने गरेको बताउनु भयो । सरकारी वकिल कार्यालय, कैलालीका प्रतिनिधि जानकी जोशीले सरकारी वकिल कार्यालयबाट गरिने कार्यहरु पीडितकै पक्षमा गर्ने गरिएको भएपनि पुर्वग्रही भएर गरिने कार्यले सहज रुपमा कार्य सम्पादन गर्न समस्या हुने गरेको बताउनु भयो ।